# कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
**लुम्बिनी प्रदेश, नेपाल**

प.सं. :- २०७७/०७८
च.नं. :-

मितिः- २०७७/०७/१३

सुचना ।     सुचना ॥     सुचना ॥

विषय : रासायनिक मल विक्रेताको लागी अनुमती लिने सम्बन्धमा ।

प्रस्तुत सन्दर्भमा अनुदानको मल वितरण ब्यबस्थापन निर्देशिका, २०७७ अनुसार यस नगरपालिकाको स्थानीय तहमा मल वितरण ब्यबस्थापन समितिको मिति २०७७/०७/१३ गतेको बैठकको निर्णयानुसार तथा अनुदानको मल वितरण ब्यबस्थापन निर्देशिका, २०७७ को परिच्छेद ३ को दफा १५ अनुसार यस नगरपालिका तहमा विक्रेता नियूक्ति तथा बिक्री वितरण सम्बन्धी ब्यवस्थाको लागी यस कोहलपुर नगरपालिकामा संचालनमा रहेका इच्छुक **कृषि सहकारी संस्था, कृषि फर्म, वा कम्पनी**हरुले सम्बन्धित वडा कार्यालयको सिफारिसमा वितरक कम्पनीबाट अनुमती प्रमाण पत्र लिने ब्यबस्था भए अनुसार मल विक्रेता अनुमती लिनका लागी डिपो राख्ने स्थान र मल बिक्री वितरण गर्ने क्षेत्र (वडा र टोल) समेत खुलाई सुचना प्रकाशन भएको मितिले २०७७/०७/२० गते भित्र तपसिलका कागजात संलग्न राखी नगर कृषि शाखामा निवेदन दिनु हुन सम्बन्धीत सबैको लागी यो सुचना प्रकाशन गरिएको ब्यहोरा अनुरोध छ । साथै म्याद नाघि आएका र रित नपुगेका निवेदन माथी कुनै पनि कारवाही नगरिने ब्यहोरा समेत अनुरोध छ ।

तपसिल

१. सहकारी संस्था फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र,
२. सम्बन्धीत वडा कार्यालयको सिफारिस,
३. विगत दुइ आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी,
४. स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्र,
५. अनुभव कार्यदक्षता कार्य क्षमताको विवरण,
६. नापतौल गर्ने मेशिन, गोदाम घर र सुचना प्रविधि लगायतका भौतिक पुर्वाधारको विवरण ।

.....................
प्रमुख प्रशासकीय अधिकृत

वेब साइट: kohalpurmun.gov.np, इ-मेलः info@kohalpurmun.gov.np, फोन नं.०८१-५४०००९